**नेपाल राष्ट्र बैंक**

**मुद्रा व्यवस्थापन विभागको**

# नयाँ नोट सटही सम्बन्धी सूचना

बडा दसैं २०७८ को अवसरमा कोरोना भाइरसको संक्रमण जोखिम समेतलाई दृष्टिगत गरी काठमाडौं उपत्यकाभित्रको हकमा मिति २०७८।०६।०४ गतेदेखि यस बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैंकहरुका तोकिएका शाखा कार्यालयहरुमार्फत् समेत नयाँ नोट सटहीको सुविधा प्रदान गर्ने व्यवस्था मिलाइएको हुँदा वाणिज्य बैंकले तोकेको नजिकको शाखा कार्यालयमा गई नोट सटही गर्नु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै, काठमाडौं उपत्यकाबाहिरको हकमा यस बैंकको प्रदेशस्थित कार्यालय वा वाणिज्य बैंकले तोकेको आफू नजिकको शाखा कार्यालयमा गई नोट सटहीको सुविधा लिन सकिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । यसरी नोट सटही गर्न जाँदा नेपाल सरकार तथा स्थानीय प्रशासनले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्ड तथा सामाजिक दुरीको पूर्ण पालना गर्नु हुन समेत अनुरोध गरिन्छ ।

कार्यकारी निर्देशक

मुद्रा व्यवस्थापन विभाग

मिति २०७८।०५।२९